www.ctevtsolution.com

लोक सेवा आयोग
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्राविधिक तथा प्रशिक्षण, अधिकृत तृतीय, प्राविधिक अधिकृत पदको आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षा
२०८२/०३/१४

**KEY [D]**

पत्र : प्रथम
समय : १ घण्टा १५ मिनेट

पूर्णाङ्क : १००

## विषय : सामान्य ज्ञान, संस्थागत ज्ञान र सेवा सम्बन्धी

उत्तरपुस्तिकामा प्रश्नपत्रको **KEY** अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा **calculator, mobile** प्रयोग गर्न पाइनेछैन ।

**Multiple Choice** — **100x1=100 Marks**

1. कुनै पनि प्राविधिक शिक्षालयको शैक्षिक गुणस्तर मापन गर्नका लागि अनुगमनको क्रममा प्रयोग गरिने सबैभन्दा उपयुक्त सूचक तलका मध्ये कुन हो?
   A) शिक्षालयको भौतिक पूर्वाधार र भवनहरू
   B) शिक्षालयमा प्राप्त भएको कुल बजेट र खर्चमा पारदर्शिता
   C) प्रशिक्षार्थीको सिकाइ उपलब्धि
   D) शिक्षालयमा कार्यरत प्रशिक्षकहरूको कार्य प्रभावकारिता
2. राष्ट्रिय सीप परीक्षण समितिद्वारा सञ्चालित सीप परीक्षणको अनुगमन गर्दा मुख्यतया तलका मध्ये कुन कुरा सुनिश्चित गरिन्छ?
   A) प्रशिक्षार्थीको पाठ्यक्रमअनुसारको सिकाइको अवस्था
   B) सीप परीक्षणका लागि पूर्वाधारको अवस्था र व्यवस्थापन
   C) सीपको स्तर र राष्ट्रिय व्यावसायिक मापदण्डबिचको सामञ्जस्य
   D) शिक्षालयको वार्षिक बजेट खर्च र उपलब्धिबिचको अन्तर
3. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सञ्चालन नहुने शिक्षालय कुन हो?
   A) प्राविधिक धार पठनपाठन हुने सामुदायिक विद्यालय
   B) बहुप्राविधिक शिक्षालय
   C) एप्रेन्टीससीप तालीम केन्द्र
   D) प्राविधिक शिक्षालय
4. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीममा शैक्षिक योजना बनाउनुको उद्देश्य के हो?
   A) सम्पूर्ण शिक्षार्थीलाई रोजगारी सुनिश्चित गर्नु
   B) व्यावहारिक तालीमको महत्त्वलाई सुनिश्चितता प्रदान गर्नु
   C) औद्योगिक क्षेत्रसँगको सहकार्यलाई प्रोत्साहित गर्नु
   D) शिक्षालयले प्रदान गर्ने सीप र बजारको माग गर्ने सीपबिचको असमानता हटाउनु
5. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने शिक्षालयको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा अपनाइने Bottom-up Planning प्रक्रियाको मुख्य विशेषता तलका मध्ये कुन हो?
   A) माथिल्लो निकायको मार्गदर्शनका आधारमा कार्यक्रम निर्धारण गर्नु
   B) माथिल्लो निकायको निर्देशन तथा सिलिङ शिक्षालयको आवश्यकताबिच तालमेल मिलाउनु
   C) माथिल्लो निकायको सिलिङ र निर्देशनलाई सावधानीपूर्वक उपयोग गर्नु
   D) मातृ निकायको शर्तलाई उच्च प्राथमिकता दिइ स्थानीय आवश्यकतासमेत विचार गरी कार्यक्रम तथा बजेट बनाउनु

www.ctevtsolution.com

www.ctevtsolution.com



6. प्राविधिक शिक्षालयको कार्यशाला (Workshop) को Layout डिजाइन गर्दा तलका मध्ये कुन पक्षलाई सबैभन्दा उच्च प्राथमिकता दिनुपर्छ?
   A) समुदायसँगको निकटता र आकर्षण
   B) कार्यशालाका मेसिनहरू बिचको उपयुक्त दूरी, सुरक्षा मापदण्ड र आवतजावतको सहजता
   C) कार्यशाला भवनको कुल लागत र प्रशिक्षालयको खर्च अनुपातमा तादात्म्य
   D) प्रशिक्षक कर्मचारी र प्रशिक्षार्थीलाई आकर्षक हुने गरी उपयुक्त किसिमले कार्यशाला कक्षको व्यवस्थापन
7. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आंगिक शिक्षालयहरूको सञ्चालनका लागि प्राप्त हुने बजेटमध्ये सबैभन्दा ठूलो हिस्सा कुन हो?
   A) प्रशिक्षार्थी शुल्क
   B) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आफ्नै स्रोत
   C) नेपाल सरकारको अनुदान
   D) शिक्षालयले प्रदान गरेको सेवाको शुल्क
8. नेपाल सरकारको विद्यालय क्षेत्र विकास कार्यक्रमले विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सम्बन्धमा के उल्लेख गरेको छ?
   A) सबै मा.वि. मा प्राविधिक धार सञ्चालन गर्ने
   B) विद्यालय तहमा व्यावसायिक शिक्षा एकीकृत नगर्ने
   C) विद्यालयहरूमा प्राविधिक धार कार्यक्रम सञ्चालन नगर्ने
   D) कक्षा १० पछि कम्तीमा तीन वर्षको व्यावसायिक प्राविधिक शिक्षा कार्यक्रम विकास गर्ने
9. ADDIE मोडेलमा TVET प्रशिक्षकले व्यावसायिक सीप सिकाउन उपयुक्त शैक्षिक प्रविधिहरू (जस्तैः सिमुलेसन सफ्टवेयर, VR वा इ-लर्निङ्) कुन चरणमा पहिचान गर्नुपर्छ?
   A) विश्लेषण B) विकास C) कार्यान्वयन D) मूल्यांकन
10. Terminal Performance Objective (TPO) मा तीनवटा तत्त्वहरू भन्नाले Condition, Performance र Criteria हुन्छ । यस सम्बन्धमा Criteria ले केलाई जनाउँछ?
   A) कार्यसम्पादनका लागि आवश्यक औजार
   B) कार्यसम्पादनको गुणस्तर मापन गर्ने न्यूनतम स्तर वा शुद्धताको सीमा
   C) प्रशिक्षार्थीले प्रदर्शन गर्नुपर्ने व्यावहारिक सीप र कार्यको कार्यविधि
   D) तालीम सम्पन्न गर्न तोकिएको समय सीमा
11. प्राविधिक शिक्षामा तथ्य (Fact), कार्यविधि (Procedure), प्रक्रिया (Process) र सिद्धान्त (Principle) शिक्षण गर्ने विधि फरक फरक हुन्छ । एकजना प्रशिक्षकले मेसिनको बारेमा सिकाउँदै गर्दा "मेसिनले निश्चित वैज्ञानिक आधार र नियममा काम गर्दछ" भनी बताउँदै सिकाउँछ भने त्यो कुन स्वरूपको सिकाइ हो?
   A) सिद्धान्त B) तथ्य C) कार्यविधि D) प्रक्रिया
12. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको क्षेत्रमा सीप परीक्षणको अन्त्यमा तयार भएको उत्पादन (Product) को मूल्यांकन गर्दा तलका मध्ये कुन पक्षलाई मुख्य आधार मानिन्छ?
   A) कार्यसम्पादनका क्रममा प्रयोग गरिएका औजारको गुणस्तर
   B) प्रशिक्षार्थीले गरेको श्रम र समयको लेखाजोखा
   C) चरणबद्ध कार्य र वैज्ञानिक प्रक्रिया अवलम्बन गरे नगरेको परीक्षण
   D) तोकिएको मापदण्डअनुसारको अन्तिम परिणाम

www.ctevtsolution.com

Ctevtsolution.com
www.ctevtsolution.com



13. प्राविधिक शिक्षालयको कार्यशालामा व्यक्तिगत सुरक्षा साधन (PPE) को छनौट गर्दा तलका मध्ये कुन पक्षलाई मुख्य आधार बनाउनुपर्छ?
A) सम्बन्धित कार्यबाट हुन सक्ने विशिष्टिकृत जोखिमको प्रकृति र स्तर
B) उपकरणको बाह्य रङ र शिक्षालयको पोशाकसँग मेलमिलाप
C) सम्बन्धित उपकरण निर्माण गर्ने कम्पनीको लोकप्रियता र ब्राण्ड
D) बजारमा उपलब्ध उपकरणको न्यूनतम मूल्य र बजेटको उपलब्धता

14. In Instructional System Design, the system approach emphasizes .....
A) making independent components of instruction
B) incorporating learning theories with instruction
C) develop interconnected system with input, process, output, feedback
D) develop instruction through linear process and monitoring

15. कार्यस्थलमा निरन्तर सुरक्षित वातावरण कायम राख्ने प्रमुख आधार कुन हो?
A) सुरक्षित मेसिन
B) सचेतनाका सबै संकेत पालना
C) आचरण सुधार
D) सुपरिवेक्षकको निर्देशन पालना

16. Which of the following learning styles prefers images, maps and graphic organizers to understand new information?
A) Auditory
B) Kinesthetic
C) Reading
D) Visual

17. Which level of Bloom's Taxonomy is related to an objective that states, "Students will be able to compare two machines' efficiency"?
A) Application
B) Analysis
C) Knowledge
D) Evaluation

18. Which of the following best describes the concept of 'skills' in the context of TVET?
A) Systematic knowledge acquired through formal education
B) Ability to apply knowledge and perform job related tasks
C) Positive attitude towards safety and hygiene practices
D) Able to complete practical work in the lab

19. Which of the following is a key outcome of 'Assessment as Learning' in students?
A) Enhanced ability to seek resources for knowledge
B) Complete reliance on parents for academic progress tracking
C) Inability to identify gaps in learning
D) Dependance on teacher on learning assessment

20. Psychomotor domain कुनसँग सम्बन्धित छ?
A) Knowledge
B) Attitude
C) Skill
D) Emotion

21. निम्नमध्ये कुन अन्तिम (Terminal) उद्देश्य हो?
A) सामान्य अवस्थामा रहेका तीन आयामिक ठोस वस्तुको अर्थोग्राफिक प्रोजेक्सन गर्न
B) सामान्य अवस्थामा रहेका तीन आयामिक ठोस वस्तुको अर्थोग्राफिक प्रोजेक्सनको अर्थ बताउन
C) अर्थोग्राफिक प्रोजेक्सन पद्धतिको परिचय दिन
D) अर्थोग्राफिक प्रोजेक्सनका लागि आवश्यक पर्ने सामग्रीहरूको सूची बताउन

www.ctevtsolution.com

Ctevtsolution.com
www.ctevtsolution.com



22. पद विश्लेषण (Item Analysis) अन्तर्गत कुन कार्य गरिन्छ?
A) प्रश्नको वैधताको परीक्षण
B) प्रश्नको अन्तिम स्वरूप निर्धारण
C) प्रश्नको कठिनाइस्तर गणना
D) प्रश्नको वस्तुगतता परीक्षण

23. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्अन्तर्गतका प्रशिक्षकको Core Competency निम्नमध्ये कुन होइन?
A) प्रशिक्षणको योजना निर्माण
B) श्रम बजारको विश्लेषण
C) सिकाइका लागि उपयुक्त वातावरण तयार
D) प्रशिक्षार्थीको उपलब्धि मूल्यांकन

24. तलका मध्ये कुन प्रोजेक्टेड शिक्षण सामग्री हो?
A) चार्ट र पोष्टर
B) मोडेलहरू
C) चक वा ह्वाइट बोर्ड
D) फिल्म र भिडियो

25. Summative evaluation कहिले गरिन्छ?
A) कार्यक्रमको बीचमा
B) कार्यक्रमको अन्त्यमा
C) कार्यक्रमको सुरुवातमा
D) कार्यक्रम अवधिभर निरन्तर

26. प्रथम मल्ल राजा कसलाई मानिन्छ?
A) अरिदेव मल्ल B) वरदेव मल्ल C) अभय मल्ल D) महिन्द्र मल्ल

27. नेपाल र छिमेकी मुलुकहरू बिचको सिमानासँग सम्बन्धित निम्न कथनहरू विचार गरी सही विकल्प छान्नुहोस् ।
क) भारत र चीनसँग सिमाना जोडिएका जिल्लाहरू २ वटा छन् ।
ख) भारतसँग मात्र सिमाना जोडिएका प्रदेशहरू २ वटा छन् ।
ग) चीनसँग मात्र सिमाना जोडिएका जिल्लाहरू १३ वटा छन् ।
A) क मात्र ठिक B) क र ग मात्र ठिक C) ग मात्र ठिक D) क, ख र ग सबै ठिक

28. वि.सं. २०८२ पुस २८ मा प्रक्षेपण गरिएको नेपालको दोस्रो स्याटेलाइटको नाम के हो?
A) नेपाली स्याट-१ B) नेपाली स्याट-२ C) मुनाल D) डाँफे

29. नेपालको संविधानअनुसार राष्ट्रिय महत्त्वको कुनै विषयमा जनमत संग्रह गर्ने निर्णय ― सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ सदस्यको बहुमतबाट लिन सकिने व्यवस्था रहेको छ ।
A) संघीय संसदका
B) संघीय संसदमा तत्काल कायम रहेका
C) प्रतिनिधि सभाका
D) प्रतिनिधि सभामा तत्काल कायम रहेका

30. सर्वोच्च अदालतमा प्रधान न्यायाधीशसहित कतिजना न्यायाधीश रहने व्यवस्था रहेको छ?
A) १८ B) २० C) २१ D) २२

31. तलका समूह (अ) र समूह (आ) बिच जोडा मिलाइ कोडबाट सही उत्तर छनौट गर्नुहोस् ।

| समूह (अ) | समूह (आ) |
|---|---|
| क) सेतो मच्छिन्द्रनाथको रथयात्रा | 1) नरेन्द्रदेव |
| ख) रातो मच्छिन्द्रनाथको रथयात्रा | 2) प्रताप मल्ल |
| ग) नरसिंह अवतार नृत्य | 3) अभय मल्ल |
| घ) पशुपतिमा महास्नान गर्ने | 4) सिद्धिनरसिंह मल्ल |

A) क-२, ख-१, ग-४, घ-३
B) क-१, ख-४, ग-३, घ-२
C) क-३, ख-२, ग-१, घ-४
D) क-४, ख-३, ग-२, घ-१

32. २० वर्षे दीर्घकालीन लक्ष्य राखि तर्जुमा गरिएको नेपालको पहिलो आवधिक योजना कुन हो?
A) सातौँ B) आठौँ C) नवौँ D) दशौँ

www.ctevtsolution.com

www.ctevtsolution.com



33. महाभारतमा दानवीर भनेर कसलाई भनिन्छ?
A) युधिष्ठिर B) भीमसेन C) कृष्ण D) कर्ण

34. Flying Shuttle का आविष्कारक को हुन्?
A) जोन के B) जेम्स वाट C) जर्ज स्टेफेन्सन D) हारग्रिण्ड

35. नेपालमा दिगो विकाससम्बन्धी अवधारणालाई कुन योजनादेखि आत्मसात् गरिएको हो?
A) पाँचौं B) छैटौं C) सातौं D) आठौं

36. संयुक्त राष्ट्रसंघको आधिकारिक भाषा कतिवटा छन्?
A) २ B) ४ C) ६ D) ९

37. नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वालाई नेपाल सरकारले राष्ट्रिय विभूति घोषणा कहिले गरेको हो?
A) वि.सं. २०४६ चैत B) वि.सं. २०५१ वैशाख C) वि.सं. २०५४ जेठ D) वि.सं. २०५६ मंसिर

38. अमेरिकालाई कुन देशले उपनिवेश बनाएको थियो?
A) बेलायत B) फ्रान्स C) रूस D) अष्ट्रिया

39. नेपालको संविधानअनुसार संकटकालीन अवस्थाको घोषणा वा जारी गरिएको आदेश त्यस्तो घोषणा वा आदेश भएको मितिले कति अवधिभित्र अनुमोदनका लागि संघीय संसदका दुबै सदनमा पेश गरिने व्यवस्था छ?
A) ६ महिना B) ३ महिना C) २ महिना D) १ महिना

40. प्रथम पञ्चवर्षीय योजनामा कुल कति रकम खर्च भएको थियो?
A) २१ करोड ४४ लाख रूपैयाँ B) २१ करोड ४० लाख रूपैयाँ
C) २० करोड २१ लाख रूपैयाँ D) २० करोड ४४ लाख रूपैयाँ

41. चाँगुनारायणको मन्दिर कुन शैलीमा निर्माण गरिएको छ?
A) प्यागोडा B) स्तूप C) शिखर D) गुम्बज

42. नेपाल सर्वप्रथम कुन एसियाली खेलमा पदक प्राप्त गर्न सफल भएको थियो?
A) सातौं (१९७४, तेहरान) B) आठौं (१९७८, बैंकक)
C) नवौं (१९८२, नयाँ दिल्ली) D) दशौं (१९८६, सोल)

43. चालकले मादकपदार्थ सेवन गरे नगरेको पत्ता लगाउने यन्त्र कुन हो?
A) ब्रेथलाइजर B) रेनडम वेञ्च मार्क C) क्रेस्कोग्राफ D) ब्यारोमिटर

44. वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्को अध्यक्ष को रहने व्यवस्था छ?
A) राष्ट्रपति B) कृषि, वन तथा पर्यावरण मन्त्री
C) प्रधानमन्त्री D) सचिव, कृषि, वन तथा पर्यावरण मन्त्रालय

45. प्रविधिको विकासअन्तर्गत Artificial Intelligence का जन्मदाता (Conceptual Father of AI) निम्नमध्ये कसलाई मानिएको छ?
A) Walter Pitts B) Alan Turing C) Claude Shannon D) Cent Peter

46. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा सम्बन्धी विनियमावली, २०७१ बमोजिम परीक्षाफल प्रकाशित भएको कति दिनभित्र पुनर्योगका लागि परीक्षार्थीले आवेदन दिनुपर्नेछ?
A) १५ B) २१ C) ३५ D) ४५

47. राष्ट्रिय शिक्षा नीति, २०७६ मन्त्रिपरिषद्बाट कहिले स्वीकृत भयो?
A) वि.सं. २०७६ असोज १८ B) वि.सं. २०७६ कार्तिक १८
C) वि.सं. २०७६ मंसिर १८ D) वि.सं. २०७६ पुस १८

www.ctevtsolution.com

www.ctevtsolution.com



48. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को परिषद् सेवामा कुन कुन सेवा रहेका छन्?
A) प्रशासन र प्राविधिक
B) प्रशासन र प्रशिक्षण
C) प्रशासन र प्राविधिक तथा प्रशिक्षण
D) प्रशासन र इन्जिनियरिङ

49. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कस्तो जनशक्ति उत्पादन गर्न स्थापना गरिएको हो?
A) आधारभूत प्राविधिक जनशक्ति
B) मध्यमस्तरीय प्राविधिक जनशक्ति
C) उच्चस्तरीय प्राविधिक जनशक्ति
D) आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति

50. नेपालको वर्तमान शिक्षा नीतिअनुरूप तलको कुन समूह माध्यमिक शिक्षाअन्तर्गत पर्दछ?
A) कक्षा ९ देखि १२ सम्म
B) कक्षा ८ देखि १२ सम्म
C) कक्षा ६ देखि १२ सम्म
D) कक्षा १ देखि १० सम्म

51. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को उपाध्यक्ष मनोनित गर्न वा सिफारिस गर्न गठित सिफारिस समितिको अध्यक्ष को रहने व्यवस्था छ?
A) लोक सेवा आयोगका अध्यक्ष
B) शिक्षा तथा खेलकुद मन्त्री
C) राष्ट्रिय योजना आयोगका सदस्य (शिक्षा हेर्ने)
D) शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव

52. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ बमोजिम परिषद्को सेवाका कर्मचारीले कति किसिमका बिदा पाउन सक्ने व्यवस्था रहेको छ?
A) ८
B) ९
C) १०
D) ११

53. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ बमोजिम सदस्य सचिवले गरेको सजायको आदेश विरूद्ध कहाँ (को समक्ष) पुनरावेदन दिन सकिने व्यवस्था गरिएको छ?
A) परिषद्
B) सम्बन्धित मन्त्रालय
C) विभागीय प्रमुख
D) गठन गरिएको छानविन समिति

54. परीक्षाफल प्रकाशित भएको कति समयभित्र परीक्षाफल स्थगित भएका परीक्षार्थीहरूको परीक्षाफल परीक्षा समितिबाट टुङ्गो लगाउनु पर्दछ?
A) २१ दिन
B) ३५ दिन
C) २ महिना
D) ३ महिना

55. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को लेखापरीक्षण कसले गर्ने व्यवस्था छ?
A) महालेखा नियन्त्रक कार्यालय
B) सभाबाट तोकिएको लेखापरीक्षक
C) परिषद्ले तोकेको लेखापरीक्षक
D) महालेखापरीक्षकको कार्यालय

56. भवन निर्माण गर्न अनुमति पाएको व्यक्ति वा सरकारी कार्यालयले अनुमति पाएको मितिले कति वर्षभित्र भवन निर्माण गरिसक्नुपर्ने व्यवस्था छ?
A) १
B) २
C) ३
D) ५

57. सुशासन (व्यवस्थापन तथा सञ्चालन) [illegible] बमोजिम कुन निकायमा शासकीय सुधार इकाइको स्थापनासम्बन्धी व्यवस्था छ?
A) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
B) भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
C) नेपाल सरकारका सबै मन्त्रालय, विभाग र कार्यालय
D) प्रत्येक मन्त्रालय

www.ctevtsolution.com

www.ctevtsolution.com



58. भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार झुट्टा उजुर गर्नेलाई अनुसन्धान अधिकृतले कति जरिमाना गर्न सक्ने व्यवस्था छ?

A) रू. ५००० B) रू. ३००० C) रू. २००० D) रू. १०००

59. राष्ट्रिय शिक्षा नीति, २०७६ को एक उद्देश्य बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बाल विकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन लिइएको रणनीतिअनुसार तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवम् विद्यालय शिक्षाको पूर्वतयारीको लागि कम्तीमा कति समय प्रारम्भिक बाल विकासको अवसर प्रदान गर्ने उल्लेख गरिएको छ?

A) ६ महिना B) १ वर्ष C) २ वर्ष D) ३ वर्ष

60. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभाको अध्यक्षता कसले गर्ने कानूनी व्यवस्था छ?

A) नेपाल सरकारका मुख्य सचिव
B) शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव
C) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको महानिर्देशक
D) शिक्षा तथा खेलकुद मन्त्री

61. शैक्षिक कार्यतालिकाबमोजिम परिषद्ले सञ्चालन गर्ने परीक्षामा परीक्षा सञ्चालन हुने प्रत्येक कोठामा कति परीक्षार्थी संख्या बराबर एकजनाको अनुपातमा निरीक्षक तोक्नुपर्ने व्यवस्था परीक्षा सम्बन्धी विनियमावलीले गरेको छ?

A) २० B) २५ C) ३० D) ३५

62. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ को व्याख्या गर्ने अधिकार कसलाई रहेको छ?

A) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
B) शिक्षा तथा खेलकुद मन्त्रालय
C) लोक सेवा आयोग
D) सर्वोच्च अदालत

63. परामर्श सेवाका लागि अनुमति प्राप्त गरेका कर्मचारीले परामर्श सेवाको कुल सम्झौता रकमको कति प्रतिशत रकम परिषद्को कोष/शिक्षालय आर्जन कोषमा जम्मा गर्नुपर्दछ?

A) ५ B) १० C) १५ D) २०

64. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २० बमोजिम पेश भएको विधेयक सभामा तत्काल कायम रहेका सदस्य संख्याको बहुमतले पारित गरेमा त्यस्तो विधेयक सभाका अध्यक्षले कति दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था रहेको छ?

A) ७ B) १० C) १५ D) ३०

65. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को मुख्य उद्देश्य के हो?

A) भ्रष्टाचार नियन्त्रण गर्नु
B) प्रशासनिक खर्च कटौती गर्नु
C) सार्वजनिक प्रशासनलाई पारदर्शी र जनउत्तरदायी बनाउन
D) सार्वजनिक प्रशासनलाई उत्तरदायी बनाउनु

66. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को उपाध्यक्ष कसले नियुक्त गर्छ?

A) शिक्षा तथा खेलकुद मन्त्री
B) शिक्षा तथा खेलकुद सचिव
C) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभा
D) नेपाल सरकार

www.ctevtsolution.com

www.ctevtsolution.com



67. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने अन्तिम अधिकार कसलाई हुन्छ?
A) राष्ट्रिय योजना आयोग
B) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभा
C) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
D) अर्थ मन्त्रालय

68. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन अनुसार राष्ट्रिय सीप परीक्षण समितिको अध्यक्ष को हुने व्यवस्था छ?
A) शिक्षा तथा खेलकुद मन्त्रालयको सचिव
B) परिषद्को उपाध्यक्ष
C) सभाले तोकेको परिषद्को सदस्य
D) परिषद्को सदस्य सचिव

69. तल दिइएका मध्ये कुन कथन हरित रोजगारीसँग सम्बन्धित छ?
A) ऊर्जाको न्यूनतम प्रयोग हुने किसिमको रोजगारी
B) दिगो विकासका लक्ष्यहरूलाई सहयोग गर्ने रोजगारी
C) विश्वव्यापीकरणसँग समायोजन हुने रोजगारी
D) डिजिटल प्रविधिमा आधारित रोजगारी

70. प्राविधिक शिक्षालय व्यवस्थापनको मुख्य उद्देश्य तलका मध्ये कुन हो?
A) वार्षिक कार्यक्रम, कार्यान्वयन गर्नु
B) बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गर्नु
C) विद्यार्थीलाई उच्च अङ्कका साथ उत्तीर्ण गराउनु
D) प्राविधिक शिक्षालयको व्यवस्थापन प्रभावकारी बनाउनु

71. सबैलाई समान शैक्षिक अवसर र मैत्रीपूर्ण वातावरणको सुनिश्चितता प्रदान गर्न तलका मध्ये कुन आवश्यक पर्दछ?
A) समावेशी पाठ्यक्रम
B) एकीकृत विद्यालय पाठ्यक्रम
C) व्यवस्थित विद्यालय
D) उपयुक्त शैक्षिक सामग्री

72. प्राविधिक शिक्षालयहरूले उद्योगहरूसँग समन्वय (Industry Linkage) कायम गर्नु कुन उत्तरदायित्वभित्र पर्दछ?
A) व्यक्तिगत
B) राजनीतिक
C) व्यावसायिक
D) कानूनी

73. प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षाको पाठ्यक्रमले सैद्धान्तिक तथा ट्युटोरियल कक्षामा शिक्षक र विद्यार्थीको अनुपात कति कायम गरेको छ?
A) १:३०
B) १:३५
C) १:४०
D) १:४५

74. नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रमसँग सम्बन्धित मुख्य चुनौती तलका मध्ये कुन हो?
A) प्रचलित सामाजिक मूल्य मान्यतासँग पाठ्यक्रमलाई अनुकूल बनाउने
B) परिवर्तित प्राविधिक सन्दर्भसँग पाठ्यक्रमलाई अनुकूल बनाउने
C) सरोकारवालाहरूको विश्वास जित्ने
D) रोजगारदातासँग समन्वय स्थापित गर्ने

75. प्रमाणपत्र भएपनि रोजगारदाताले व्यक्तिको व्यावहारिक दक्षतामा प्रश्न उठाउँछन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्अन्तर्गतको कुन व्यवस्थाले यो समस्या प्रत्यक्ष सम्बोधन गर्छ?
A) संस्थागत निरीक्षण प्रणाली
B) सीप परीक्षण र प्रमाणीकरण
C) पाठ्यक्रम पुनःसंरचना
D) भर्ना परीक्षा परिमार्जन

www.ctevtsolution.com

www.ctevtsolution.com



76. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले TVET पाठ्यक्रम स्वीकृत गर्दा सबैभन्दा प्राथमिकतामा राख्ने आधार निम्नमध्ये कुन हो?
   A) अन्तर्राष्ट्रिय पाठ्यक्रम मिलान
   B) आधुनिक सामग्रीको प्रयोग
   C) मूल्यांकनका नयाँ आधार निर्माण
   D) श्रम बजारअनुरूप संरचना
77. समावेशी प्राविधिक शिक्षाका लागि अवलम्बन गरिने सकारात्मक विभेद (Positive Discrimination) अन्तर्गत तलका मध्ये कुन पर्दछ?
   A) TVET मा भौगोलिक क्षेत्रगतरूपमा जेहेन्दार विद्यार्थीलाई मात्र भर्ना गर्ने
   B) लक्षित वर्ग (महिला, दलित, अपांगता भएका) का लागि सिट आरक्षणसहित सेवा सुविधाको व्यवस्था गर्ने
   C) लक्षित समूहले कम नम्बर ल्याए पनि भर्ना हुने व्यवस्था गर्ने
   D) सबैलाई समान प्रवेश परीक्षा लिइ उत्तीर्ण भएपछि मात्र सुविधा दिने
78. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम तल दिइएका मध्ये कुन उद्देश्यसँग सम्बन्धित छ?
   A) गरिबी र बेरोजगारी उन्मूलन गर्ने
   B) मानवीय संसाधन र पूर्वाधारको विकास गर्ने
   C) विपन्न र पिछडिएका समूहहरूलाई शिक्षाको मूलधारमा ल्याउने
   D) विशेष लक्षित समूहलाई राष्ट्रिय मूलधारमा ल्याउने
79. TVET क्षेत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को भूमिका कुन रूपमा सबैभन्दा उपयुक्त देखिन्छ?
   A) नियामक तथा गुणस्तर निकाय
   B) रोजगारी मध्यस्थ निकाय
   C) शिक्षण संस्था व्यवस्थापन निकाय
   D) परीक्षा व्यवस्थापन निकाय
80. राष्ट्रिय सीप परीक्षण समितिको मुख्य काम के हो?
   A) सीप सिकाइको पाठ्यक्रम निर्माण र प्रमाणीकरण गर्नु
   B) सीप र व्यावसायिक क्षमता प्रमाणीकरण गर्नु
   C) शिक्षक नियुक्ति र सीप परीक्षण गर्नु
   D) सीप परीक्षणको लागि बजेट व्यवस्थापन गर्नु
81. TVET अन्तर्गत कार्यस्थलमा प्रभावकारी सञ्चार (Effective Communication) कुन प्रकारको सीपअन्तर्गत पर्दछ?
   A) Human Skill
   B) Personal Skill
   C) Technical Skill
   D) Soft Skill
82. तल उल्लेख गरिएका मध्ये कुन सीप Soft Skill अन्तर्गत पर्दछ?
   A) प्रभावकारीरूपमा कम्प्युटर नेटवर्किङ तथा जडान गर्ने सीप
   B) प्रयोगशालाका सामग्रीहरूको छिटो, छरितो र प्रभावकारी व्यवस्थापन गर्ने सीप
   C) प्राविधिक क्रियाकलापहरूको शीघ्र अनुमान गर्ने सीप
   D) नयाँ प्रविधि तथा वातावरणमा छिट्टै समायोजन हुने सीप
83. तलको कुन सिकाइ प्रक्रियाले Heutagogy को अवधारणा प्रस्तुत गर्दछ?
   A) स्वनिर्धारित सिकाइ प्रक्रिया
   B) प्रतिस्पर्धात्मक सिकाइ प्रक्रिया
   C) सहभागितामूलक सिकाइ प्रक्रिया
   D) विविधतामा आधारित सिकाइ प्रक्रिया
84. वास्तविक वातावरणमा प्रशिक्षार्थीले आफ्नो ज्ञान, सीप र क्षमताको प्रयोग गर्ने अवसर तलका मध्ये कुन सिकाइ परिवेशले उपलब्ध गराउँछ?
   A) प्रयोगशालाको सिकाइ
   B) प्रविधिमैत्री सिकाइ
   C) सहकार्यको सिकाइ
   D) कार्यस्थलको सिकाइ

www.ctevtsolution.com

www.ctevtsolution.com



85. दैनिक पाठयोजनाको सर्वाधिक आधारभूत अंश तलका मध्ये कुन हो?
A) सिकाएको विषयवस्तु
B) सिकाइ सामग्रीहरू
C) सिकाइका उद्देश्य
D) सिकाइका विधिहरू

86. TVET क्षेत्रको 'गुणस्तर' सबैभन्दा बढी प्रभावकारी रूपमा देहायका मध्ये कुनले जनाउन सक्छ?
A) दक्ष शिक्षक, मेहनती विद्यार्थी र उपयुक्त पूर्वाधार
B) सान्दर्भिक पाठ्यक्रम, दक्ष शिक्षक र उपयुक्त भौतिक पूर्वाधार
C) अनुकूल सिकाइ वातावरण, दक्ष शिक्षक र अद्यावधिक पाठ्यक्रम
D) बजारको मागअनुसारको दक्ष जनशक्ति उत्पादन

87. तालीमको योजनाको ढाँचा निर्माण गर्नुभन्दा पहिले गर्नुपर्ने कार्य तलका मध्ये कुन हो?
A) आवश्यकता पहिचान
B) उद्देश्य निर्धारण
C) रणनीतिहरू पहिचान
D) जनशक्ति व्यवस्थापन

88. TVET क्षेत्रमा गुणस्तरीय प्रशिक्षकमा हुनुपर्ने सबैभन्दा प्रमुख विशेषता कुन हो?
A) विषयवस्तुको गहिरो ज्ञान र प्रयोगात्मक सीप
B) उच्च शैक्षिक योग्यता र प्रयोगात्मक सीप
C) धेरै वर्षको अनुभव र कार्यस्थलमा दक्ष
D) उच्च शैक्षिक योग्यता र नयाँ प्रविधिमा दक्ष

89. व्यावसायिक तथा प्राविधिक शिक्षाको शिक्षण प्रक्रियाको मूल आधार तलका मध्ये कुनलाई मानिन्छ?
A) पाठ्यपुस्तक
B) पाठ्यक्रम
C) शिक्षण सामग्री
D) शिक्षक निर्देशिका

90. तल दिइएका कथनहरू मध्ये कुनले निर्माणात्मक मूल्यांकनको अवधारणालाई बुझाउँछ?
A) विद्यार्थीको सिकाइको स्तर निर्धारण गर्न गरिने मूल्यांकन
B) विद्यार्थीको सिकाइका समस्याहरू पहिचान गर्न गरिने मूल्यांकन
C) विद्यार्थीको सिकाइको प्रमाणीकरण गर्न गरिने मूल्यांकन
D) विद्यार्थीको सिकाइमा सुधार गर्न गरिने मूल्यांकन

91. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमसम्बन्धी पाठ्यक्रमको तयारी, संशोधन, समयसापेक्ष परिवर्तन तथा पाठ्यपुस्तकको तयारी जस्ता कार्यहरू तलका मध्ये कुन निकायले गर्दछ?
A) पाठ्यक्रम विकास केन्द्र
B) पाठ्यक्रम महाशाखा
C) जनक शिक्षा सामग्री केन्द्र
D) शैक्षिक गुणस्तर परीक्षण केन्द्र

92. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालीम दिने शिक्षण संस्थाहरूको गुणस्तर परीक्षण गर्न आवश्यक पर्ने आधारभूत पक्ष कुन हो?
A) मूल्यांकनका साधनहरू
B) मापदण्ड सूचकहरू
C) मापन गर्ने दक्ष जनशक्ति
D) मापन गर्ने विधि तथा प्रक्रिया

93. नेपालमा TVET क्षेत्रको छाता संगठन (Apex Body) को रूपमा कुन संस्थालाई लिइन्छ?
A) शिक्षा तथा खेलकुद मन्त्रालय
B) युवा, श्रम तथा रोजगार मन्त्रालय
C) युवा, श्रम तथा रोजगार मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
D) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

94. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले वर्तमान समयमा सामना गरिरहेको प्रमुख चुनौती तलका मध्ये कुन हो?
A) समयानुकूल संरचनागत र कार्यगत संरचना निर्माण
B) अपेक्षित सामुदायिक विश्वास आर्जन
C) शैक्षिक गतिविधिप्रति प्रशिक्षार्थीको अविश्वास
D) प्रशिक्षकहरूको कामप्रति कम जिम्मेवार हुने प्रवृत्ति

95. Learning Style तलका मध्ये कुन होइन?
A) Visual
B) Auditory
C) Kinesthetic
D) Logical

www.ctevtsolution.com

Contd...

www.ctevtsolution.com



96. सामाजिक संरचनावाद सिद्धान्तअनुसार Trainer को role के हो?
    A) Lecturer   B) Facilitator   C) [illegible]   D) Manager
97. निम्नमध्ये ISD Model कुन हो?
    A) ADDIE   B) OJT
    C) Blended Learning Model   D) Kirkpatrick Model
98. व्यावसायिक एवम् जीवनोपयोगी सीपको वर्गीकरणअनुरूप सीपको प्रमाणीकरण गर्ने तहअनुसारको योग्यता र अनुभवको निर्धारण कसले गर्छ?
    A) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
    B) राष्ट्रिय सीप परीक्षण समिति
    C) प्रचलित कानूनले निर्धारण गरेबमोजिम
    D) विषयगत समितिहरू
99. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्द्वारा सञ्चालित छोटो अवधिको सीप तालीम कार्यक्रमहरूको मूल्यांकन गर्दा तालीम पछाडि फलोअप तथ्यांक संकलन किन गरिन्छ?
    A) आधाररेखा सर्वेक्षणको आवश्यकता घटाउन
    B) सबै प्रशिक्षार्थीले तालीम पूरा गरी प्रमाणपत्र पाएको सुनिश्चित गर्न
    C) दीर्घकालीन रोजगारी र आयमा आएको परिवर्तन थाहा पाउन
    D) प्रशिक्षकको कार्यसम्पादन मूल्यांकन गर्न
100. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का कार्यक्रमहरूको प्रभावकारी अनुगमनको मुख्य आधार कुन हो?
    A) कार्यक्रमको उद्देश्य   B) सूचकहरू   C) कार्यविवरण   D) कार्ययोजना

- The End -

| उत्तरपुस्तिकामा **KEY** अनिवार्य रूपमा लेख्नुहोला । |
|---|

www.ctevtsolution.com

www.ctevtsolution.com

लोक सेवा आयोग

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्राविधिक तथा प्रशिक्षण, अधिकृत तृतीय, प्राविधिक अधिकृत पदको आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८३।०३।१५

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : सेवा सम्बन्धी

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क"

५० अङ्क

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्अन्तर्गत स्थापित शिक्षालयहरूको सञ्चालक समितिको काम, कर्तव्य र अधिकारहरू उल्लेख गर्नुहोस् । साथै, ती काम, कर्तव्य र अधिकारहरू वर्तमान समयमा कत्तिको सान्दर्भिक छन्? संक्षिप्त टिप्पणी गर्नुहोस् । ३+२=५

२. दक्षतामा आधारित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको अवधारणा स्पष्ट पार्दै नेपालका प्राविधिक शिक्षालयहरूमा प्रयोग भइरहेका परम्परागत शिक्षण विधिहरूलाई विस्थापित गरी प्रविधिमैत्री र प्रयोगात्मक प्रशिक्षण (ICT friendly and practical-based instruction) लाई सुदृढ बनाउन चाल्नुपर्ने कदमहरू संक्षिप्तमा प्रस्तुत गर्नुहोस् । २+३=५

३. प्राविधिक तथा व्यावसायिक शिक्षामा कार्यरत प्रशिक्षकहरूमा के-कस्ता गुणहरू विद्यमान हुनुपर्छ? साथै, प्रशिक्षकहरूमा ती गुणहरू भए नभएको कसरी मापन गरिन्छ? स्पष्ट गर्नुहोस् । २+३=५

४. पाठयोजना भनेको के हो? प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको कुनै एउटा विषय चयन गरी पाठयोजनामा समावेश गर्नुपर्ने प्रमुख तत्त्वहरू सहितको एउटा पाठयोजनाको ढाँचा तयार गर्नुहोस् । २+३=५

५. प्राविधिक शिक्षामा पाठ्यक्रम विषयवस्तुको सूचीमात्र नभइ यो बजारको माग र रोजगारीको कडी पनि हो । यसै सन्दर्भमा नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम (TVET) को पाठ्यक्रम निर्माणको विद्यमान अवस्थाको समीक्षा गर्दै यसलाई श्रम बजारको मागसँग सामञ्जस्य (Labour Market Relevance) कायम गर्न विद्यमान पाठ्यक्रम विकास प्रक्रियामा के-कस्ता सुधारहरू गर्न आवश्यक देख्नुहुन्छ? तर्कसहित स्पष्ट पार्नुहोस् । ४+६=१०

६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सञ्चालित तालीमको वर्तमान अवस्था चित्रण गर्दै यसका कमजोर पक्ष र भविष्यमा गर्नुपर्ने सुधारका पक्षहरू औंल्याउनुहोस् । ४+३+३=१०

७. नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम (TVET) को विस्तार भए तापनि अझै पनि यो क्षेत्र भौगोलिक असन्तुलन, कमजोर पहुँच, उच्च लागत र बजारको मागसँग तालमेल हुन नसक्नुजस्ता गम्भीर चुनौतीहरूबाट गुज्रिरहेको छ । यस परिस्थितिमा नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको विद्यमान नीति तथा कार्यक्रमको चर्चा गर्दै यसलाई सर्वसुलभ, समावेशी, किफायती र दिगो बनाउन शैक्षिक प्रशासन तथा व्यवस्थापनमा के-कस्ता सुधारहरू आवश्यक देख्नुहुन्छ? आफ्नो स्पष्ट धारणा प्रस्तुत गर्नुहोस् । ५+५=१०

www.ctevtsolution.com

www.ctevtsolution.com
Ctevtsolution.com

प्राविधिक तथा प्रशिक्षण, अधिकृत तृतीय, प्राविधिक अधिकृत - २

## खण्ड "ख"

५० अङ्क

८. Monitoring र Evaluation बिचको फरक उदाहरणसहित स्पष्ट पार्नुहोस् । ५

९. आधुनिक प्रविधिको प्रयोगले प्राविधिक शिक्षाको परीक्षा प्रणालीमा के-कस्ता चुनौती सिर्जना भएको छ? ती चुनौती सम्बोधन गर्दै परीक्षा प्रणालीलाई कसरी व्यवस्थित तुल्याउन सकिन्छ? स्पष्ट पार्नुहोस् । २+३=५

१०. Instructional System Design (ISD) का चरणहरूको व्याख्या गर्नुहोस् । ५

११. कार्यस्थलमा पेशागत सुरक्षा र स्वस्थ वातावरण कायम गर्न शिक्षालयको प्रशिक्षकले निर्वाह गर्नुपर्ने भूमिका चर्चा गर्नुहोस् । ५

१२. प्राविधिक शिक्षालय र बहुप्राविधिक शिक्षालयहरूको वार्षिक बजेट तथा कार्यक्रमको निर्माण प्रक्रिया चर्चा गर्दै ती कार्यक्रमहरूको कार्यान्वयन प्रक्रियाको विवेचना गर्नुहोस् । ६+४=१०

१३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम (TVET) कार्यक्रमको प्रभावकारिता र गुणस्तर सुनिश्चित गर्न नतिजामुखी अनुगमन (Result-based Monitoring) को महत्त्व स्पष्ट पार्नुहोस् । TVET कार्यक्रमको मूल्यांकन गर्दा प्रयोग गरिने प्रमुख औजारहरू (Tools) र सूचकहरू (Indicators) को चर्चा गर्दै अनुगमन प्रणालीलाई व्यवस्थित बनाउन के-कस्ता सुधारहरू आवश्यक देख्नुहुन्छ? सुझाउनुहोस् । ३+४+३=१०

१४. सक्षमतामा आधारित पाठ्यक्रम (Competency-based Curriculum) को परिचय दिंदै पाठ्यक्रम विकास प्रक्रिया उल्लेख गर्नुहोस् । साथै, नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्अन्तर्गतका डिप्लोमा तहका पाठ्यक्रम सक्षमतामा आधारित भए नभएको विषयमा आफ्नो तर्कपूर्ण धारणा प्रस्तुत गर्नुहोस् । २+४+४=१०

:: समाप्त ::

Ctevtsolution.com
www.ctevtsolution.com